भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलपिङकट्टि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. : ०१-१४८००१५, ०१-१४८००३४
ईमेल : ito.bhotekoshimun@gmail.com
वेवसाइट : www.bhotekoshimun.gov.np

पत्र संख्या : ०७७/०७८
चलानी नं. :

मिति : २०७७/०७/१८

**सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धि सुचना ।**

**प्रथम पटक प्रकाशित मिति २०७७/०७/१८**

कोभिड-१९ महामारी तथा संक्रमणलाई फैलिन नदिन कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालक समितिको ११ औं बैठकको निर्णयानुसार स्वीकृत कार्यविधि बमोजिम कम्तीमा ५ बेडको अस्थायी अस्पताल सञ्चालन गर्न प्रत्येक स्थानीय तहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति तथा योजना शाखा, रामशाहपथ, काठमाण्डौंको निर्देशन बमोजिम तपशिलममा उल्लेखित कर्मचारीहरु करार सेवामा राख्नुपर्ने भएकोले योग्यता पुगेका, १८ वर्ष उमेर पुरा भई पुरुष भए ३५ वर्ष र महिला भए ४० वर्ष ननाघेका तथा प्रचलित कानुन द्बारा अयोग्य नभएका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस गाउँपालिकाको नाममा रहेको नेपाल बंगलादेश बैंक लि., तातोपानी शाखाको आन्तरिक राजस्व खाता नं. ०९२०००१३४१ म परिक्षा दस्तुर बापतको रकम जम्मा गरी सोको भौचरको प्रतिलिपी सहित लोकसेवा आयोगबाट स्वीकृत दरखास्त फाराम भरी आवश्यक शैक्षिक योगयताका प्रमाणपत्र संलग्न राखी ito.bhotekoshimun@gmail.com मार्फत दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी आएका निवेदनहरु माथि कुनै कारवाही हुने छैन । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस गाउँपालिकाको स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ ।

| क्र.स. | विज्ञापन नम्बर | किसिम | पद | माग संख्या | दरखास्त दस्तुरर | नियुक्तिको किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | ०१ | खुल्ला | डाक्टर | १ जना | १,०००। | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उर्त्तीण भई नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता तथा नवीकरण गरेको हुनुपर्नेछ । |
| २ | ०२ | खुल्ला | स्टाफ नर्स | २ जना | ५००। | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स उत्तीर्ण भई नेपाल नर्सिङ काउन्सिलमा दर्ता तथा नविकरण गरेको हुनुपर्नेछ । |
| ३ | ०३ | खुल्ला | कार्यालय सहयोगी | १ जना | ५००। | करार | साधारण लेखपढ । |

- मुख्य कार्यहरु : कार्य विवरणमा उल्लेखित एवं भोटेकोशी गाउँपालिकाको निर्देशन बमोजिमका कार्यहरु ।

**क) डाक्टरको कार्य विवरण**

- डाक्टर को कार्य विवरणमा उल्लेख भएका सम्पूर्ण कार्यहरु गर्ने ।
- दैनिक कार्यालय संचालन तथा व्यवस्थापन, बिरामी जाँच, रेकर्डिङ, स्वास्थ्य शिक्षा, कोभिड-१९ रोकथाम तथा नियन्त्रण ।
- क्षयरोग तथा कुष्ठरोगस्वासप्रस्वास रोग नियन्त्रण, परिवार नियोजन, यौन तथा एच.आई.भी. एड्स सम्बन्धि कार्यक्रम संचालन ।
- महामारी रोग व्यवस्थापन, राष्ट्रिय स्तरका कार्यक्रमहरु संचालन गर्ने र भोटेकोशी गा.पा.ले लाए अह्राएको कार्यहरु गर्ने आदि ।

**ख) स्टाफ नर्सको कार्यविवरण**

- स्टाफ नर्स को कार्य विवरणमा उल्लेख भएका सम्पूर्ण कार्यहरु गर्ने ।
- दैनिक कार्यालय संचालन तथा व्यवस्थापन, बिरामी जाँच, रेकर्डिङ, स्वास्थ्य शिक्षा, कोभिड-१९ रोकथाम तथा नियन्त्रण ।

**ग) कार्यालय सहयोगीको कार्यविवरण**

- दैनिक कार्यालय संचालन तथा व्यवस्थापन साथै कार्यालयको र स्वास्थ्य सम्बन्धि औजारहरु सरसफाई गर्ने ।

- **दरखास्त बुझाउने अन्तिम मिति :** कार्यालयमा सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र ।
- **तलब स्केल :** नेपाल सरकारले तोके बमोजिम हुनेछ ।
- **परिक्षाको किसिम :** गाउँपालिकाबाट स्वीकृत सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ बमोजिम हुनेछ । परिक्षामा सामेल हुन आउँदा पेश गरिएका सबै प्रमाणपत्रहरु सक्कल लिएर आउनु पर्नेछ ।
- **दरखास्त दिँदा पेश गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिकताको प्रतिलिपी ।
- स्थानीय व्यक्तिको हकमा सम्बन्धित वडा कार्यालयको स्थायी बसोबासको सिफारिस पत्र ।
- आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ।
- अन्य तालिम लिएको भए सोको प्रमाण्पत्र र नर्सिङको लागि SBA तालिम लिएको भए सोको प्रमाणपत्रहरु ।
- यस अघि कामको अनुभव भए सो लाई पुष्टयाई गर्ने कागजातहरु र कार्यअनुभवको प्रमाणपत्रहरु ।

केशव राज दुङ्गाना
**नि प्रमुख प्रशासकिय अधिकृत**